# शारदा नगरपालिका
SHARADA MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
खलंगा, सल्यान
KHALANGA, SALYAN
कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL


पत्र संख्या/Ref.No.:- २०८२/८३

मिति २०८३/०२/०९

**अत्यधिक गर्मी तथा तातो हावा लहरबाट बच्न पूर्वसावधानी र सतर्कता अपनाउने सम्बन्धमा।**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा मौसम पूर्वानुमान महाशाखाको सूचना अनुसार यस क्षेत्रमा आगामी केही दिनसम्म अत्यधिक गर्मी र तातो हावा चल्ने सम्भावना रहेकाले यसका कारण मानव स्वास्थ्यमा सामान्यदेखि गम्भीर प्रकृतिका असरहरू पर्न सक्ने जोखिमलाई ध्यानमा राखी सम्पूर्ण नगरवासीहरूलाई उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध गरिन्छ।

अत्यधिक गर्मीको जोखिमबाट बच्न दिउँसोको कडा घाममा अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन, बाहिर निस्कनै परेमा हल्का, सुतीका खुकुलो कपडा लगाउन तथा छाता र टोपीको प्रयोग गर्न आग्रह गरिन्छ। साथै, शरीरलाई जलवियोजन बाट बचाउन नियमित रूपमा प्रस्तार मात्रामा पानी, मोही, कागती पानी जस्ता झोलिलो पदार्थ पिउन र साना बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरूको विशेष हेरचाह गर्न नगर कार्यपालिकाको कार्यालय हार्दिक अपिल गर्दछ।

**बोधार्थ**

श्री वडा कार्यालय सबै, शारदा नगरपालिका, सल्यान

..............................

हरिचन्द्र बुढा
प्रमुख प्रशासकीय अधिकृत


Phone No : 088-520438 URL:www.shaaradamun.gov.np " Green Sharada Clean Sharada "
टोल फ्री नं - १६६०-८८-५२०१० Email ID :info@shaaradamun.gov.np, ito@shaaradamun.gov.np